**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**
**मितिः २२ जुलाई २०२४**
**समयः १८:५० - १६:०० बजे**

**प्रमुख समाचार**

१. सर्वोच्च नागरिक सम्मान मध्ये एक पद्मा पुरस्कारए २०२५ को नामांकन दर्ता गर्ने प्रक्रिया यस वर्षको १५ सितम्बरसम्म खुल्ला रहने छ।

२. पश्चिम बंगालका राज्यपाल डा. सी.बि. आनन्द बोसले राज्यभरिका विभिन्न आपराधिक घटनाहरूमा पुलिसको लापरवाहीप्रति चिन्ता व्यक्त गर्नु भएको छ।

३. श्रावण महिनाको प्रथम सोमबार देशका अन्य स्थानहरुमा सरह दार्जिलिंग जिल्लाको विभिन्न शिव मन्दिरहरुमा पनि श्रधलुहरुको अधिक भिड देखियो।

४. बंगलादेशबाट फर्किएका भारतीय विद्यार्थीहरूलाई सहयोग गर्न सीमा सुरक्षा बल अघि आएको छ ९

५. मौसम विभागले कोलकाता महानगर सहित राज्यभारी लगातार रूपमा हल्का वर्षा जारी रहने बताएको छ ९

**पद्मा पुरस्कार**

सर्वोच्च नागरिक सम्मान मध्ये एक पद्मा पुरस्कारए २०२५ को नामांकन दर्ता गर्ने प्रक्रिया यस वर्षको १५ सितम्बरसम्म खुल्ला रहने छ। केन्द्रीय गृह मन्त्रालयले बताएको छ कि पद्म पुरस्कारका लागि नामांकन र सिफारिसहरू राष्ट्रिय पुरस्कार पोर्टलमा अनलाइन प्राप्त हुनेछन्। पद्म पुरस्कारहरू-पद्मा विभूषणए पद्मभूषण र पद्मश्रीए देशको सर्वोच्च नागरिक पुरस्कारहरु हुन्। १९५४ मा स्थापित यी पुरस्कारहरु प्रत्येक वर्ष गणतन्त्र दिवसको अवसरमा घोषणा गरिन्छ। कलाए साहित्य र शिक्षाए खेलकुदए चिकित्साए सामाजिक कार्यए विज्ञान र इन्जिनियरिङए व्यापार र उद्योगमा विशिष्ट र असाधारण उपलब्धिहरुको लागि यो पुरस्कार दिइने गरिन्छ।

****** ० ******

**सी.बि. आनन्द बोस**

पश्चिम बंगालका राज्यपाल डा. सी.बि. आनन्द बोसले राज्यभरिका विभिन्न आपराधिक घटनाहरूमा पुलिसको लापरवाहीप्रति चिन्ता व्यक्त गर्नु भएको छ। विशेष गरी 15 जुलाई 2024 को दिन नक्कली सुनको मूर्ति बेचेको मुद्दाका अभियुक्त सद्दाम सरदारको घरमुनि सुरुङ भेटिएको प्रतिवेदनप्रति उहाले गहिरो चिन्ता व्यक्त गर्नु भएको छ । यो सुरुङ नजिकैको नहरमा जान्छ जुन सुन्दरवनको मातला नदीमा मिल्छ र त्यसको पछाडि भारत-बंगलादेश अन्तर्राष्ट्रिय सीमा छ। यो खुलासाले राष्ट्रिय सुरक्षामा गम्भीर चासो खडा गरेको छ। राज्यपालले शान्ति सुरक्षाको अवस्थाप्रति पनि चिन्ता व्यक्त गर्नु भएको छ । उहाले राज्यका कानुन कार्यान्वयन गर्ने निकायमाथि प्रश्न उठाउनु भएको छ ।

****** ० ******

**सपथ ग्रहण**

तृणमूल कांग्रेसका चार नवनिर्वाचित विधायकको भोलि विधानसभामा सपथ ग्रहण हुनेछ। विधान सभाका अध्यक्ष विमान बन्दोपाध्यायले सो जानकारी दिनु भएको छ । सपथ ग्रहणका लागि आज पनि राजभवनबाट कुनै सकारात्मक प्रतिक्रिया नआएको विधानसभा स्रोतले जनाएको छ। यसैले विधान सभाको परम्परा अनुसार भोलि रानाघाट दक्षिणका विधायक मुकुटमणि अधिकारीए रायगञ्जका विधायक कृष्ण कल्याणीए मानिकतलाका विधायक सुप्ती पाण्डे अनि बागडाका विधायक मधुपर्ण ठाकुरले सपथ लिनेछन् । उल्लेखनीय छ, विधानसभा सचिवालयले विधायकको सपथ ग्रहणका लागि राजभवनलाई पत्र पठाए तापनि राजभवनबाट प्राप्त पत्रमा यस सम्बन्धमा कुनै उल्लेख नगरिएको बताईएको छ।

****** ० ******

**प्रधानमन्त्री विश्वकर्मा योजना**

प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत हालसम्म  दुई करोड २८ लाखभन्दा बढी कारीगरहरूको नाम  दर्ता भइसकेको ए जसमध्ये १३ लाख ९४ हजारभन्दा बढी लाभार्थीहरू पंजीकरण  सफलतापूर्वक दर्ता भइसकेको छ। यसमा पाँच लाख ४२ हजार २२२ महिला छन्। आज लोकसभामा लिखित जवाफ दिनु हुदै  सीप विकास तथा उद्यमशीलता राज्यमन्त्री जयन्त चौधरीले देशभरी पाँच लाख तीन हजार १ सय ६१ जना उम्मेदवारलाई आधारभूत तालिम दिइएको र जसमध्ये दुई लाख ७४ हजार ७ सय ३ महिला रहेको बताउनु भयो। आधारभूत सीप तालिम अन्तर्गत कर्नाटकबाट सबैभन्दा बढी उम्मेदवार प्रमाणित भएको उहाले बताउनु भएको छ।

****** ० ******

**श्रावण दार्जीलिंग**

आज श्रावण  महिनाको प्रथम सोमबार अन्यत्र सरह दार्जिलिंग जिल्लको विभिन्न शिव मन्दिरहरुमा पनि श्रधलुहरुको अधिक भिड देखियो ' दर्जीलिंगको महाकाल बाबा शिवालय, खरसांगको अम्बोटिया चियाबारीस्थित शिव मन्दिरए मिरिक्को होम डाडा शिवालय, सौरैनिको मनकमेश्वर शिवालय साथै विभिन्न शिव मन्दिरहरुमा श्रद्धालुहरुले शिवलिंगमा जलार्पण गरे।

****** ० ******

**बीएसएफ**

बंगलादेशबाट फर्किएका भारतीय विद्यार्थीहरूलाई सहयोग गर्न सीमा सुरक्षा बल (बीएसएफ) अघि बढेको छ। बीएसएफ दक्षिण बङ्गाल फ्रन्टियरले सबै आउने विद्यार्थीहरूलाई व्यापक सहयोग प्रदान गरेको छ। विशेष सहायता काउन्टरमा विद्यार्थीलाई स्वास्थ्य र अन्य सुविधा उपलब्ध गराउन स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको छ। विद्यार्थीहरूको मानसिक अवस्थालाई ध्यानमा राख्दैए  बीएसएफले उनीहरूको चिन्ता र डरसँग सामना गर्न सहयोग  गर्न डाक्टरहरूसँग परामर्श सत्रको पनि व्यवस्था गरेको छ। साथैए  बीएसएफको वाहनमा  आ-आफ्नो गन्तव्यमा पुऱ्याउनु अघि सीमामा विद्यार्थीहरूलाई तातो खाना र खाजासहित स्वागत गरिरहेको जानकारी प्राप्त भएको छ 'स्मरण रहोसए बंगलादेशमा सर्वोच्च अदालतको आदेशपछि  पनि विद्यार्थीहरूले विरोध प्रदर्शन जारी राखेका छन्ए  जसले गर्दा तनाव र डरको वातावरण सिर्जना भएको  छ। यही अवस्थाका कारण बंगलादेशी संस्थामा अध्ययनरत भारतीय विद्यार्थीहरु स्वदेश फर्किन थालेका छन्।

****** ० ******

**निरज जिम्बा**

दार्जीलिंगका विधायक निरज जिम्बले चुङथुङ मेरिबुङ समष्टि अन्तर्गत ए  रामजी पैनागोडी दोकान डाँडा निवासी वृद्ध बुजुर्ग दुर्गा छेत्रीको जीर्ण अवस्थामा रहेको घर निर्माण  दिने भएका छन्। यसका साथै उहाले  वृद्ध बुजुर्गलाई आफ्नो  विधायकको कार्यकाल अवधि  वृद्ध भत्ता प्रदान गर्ने वचन समेत दिनु भएको छ।

****** ० ******

**मिरिक वस्ती- शिलान्यास**

पैरोले  यातायात  ठप्प भएको  मिरिक बस्ती हुँदै मरमा चियाबारीलाई जोड्ने  सडकलाई सुचारू गराँउनका लागि मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राईले आज शिलान्यास गर्नु भएको छ । यस अवसरमा पत्रकारहरुसंग कुराकानी गर्ने क्रममा समष्टिका   सभासद मिलेस राईले मिरिक बस्ती एडुप्टिन अनि मरमाको  जीवन रेखा मानिने सडकको  कतिपय ठाउमा  पैरो गएपछि यातायात  ठप्प बनेपछि  पैरो ग्रस्त  ठाँउमा सुरक्षा पर्खाल लगाँउने कार्यको  शिलान्यास  गरिएको बताउनु भयो '

****** ० ******

**मिरिक झिल**

मिरिक झिलमा माछा मार्नेहरुको रगरगी बढेपछि समाजसेवी तथा स्मल फुड कार्ड एसोसिएसनका अध्यक्ष एटी राईले कडा शब्दमा माछा मार्नेहरुप्रति आक्रोश व्यक्त गर्नु भएको छ। उहाले  आज मिडियासितको अन्तर्क्रियामा मिरिकको एकमात्र सम्पदा मिरिक झिललाई संरक्षण साथै झिलमा रहेका माछाहरुलाई संरक्षण गरिनु पर्नेमा कुरोमा  जोड दिनु भयो। अबउसो मिरिक झिलमा माछा मार्दै गरेको भेटिए कडा कार्यवाही गर्ने उहाले बताउनु भएको छ।

****** ० ******

**डीटीडीपीएलयु**

खरसाङ महकुमा अन्तर्गत तीनधारे महानदी समष्टिको जंगपाना चिया बगानमा गोर्खा जनमुक्ति मोर्चाका ट्रेड युनियन दार्जीलिङ तराई डुवर्स प्लान्टेशन लेवर युनियन (डीटीडीपीएलयु) पुनः गठन गरिएको छ। जंगपाना चियाबारीमा गोजमुमोको ट्रेड युनियन गठन गर्नलाई यूनियनका केन्द्रीय अध्यक्ष सुरज सुब्बा अनि अन्य वरिष्ठ नेतृत्वहरू उपस्थित रहेका थिए। नव गठित जंगपाना डीटीडीपीएलयुको शाखा समितिमा दिनेश गरुङलाई अध्यक्षको रूपमा चयन गरिएको छ भने ए अजय राईलाई उपाध्यक्ष ए सचेन्द्र छेत्रीलाई महासचिव ए मन्दीप देवानलाई सह सचिव ए अनि विमल गुरुङलाई कोषाध्यक्षको रूपमा चयन गरिएको छ।

****** ० ******

**नव जगारण**

सिंगबुलि चियाबारीको नव जागरण संघले गत वर्ष झैँ यसपाली पनि गाउँ घरको पानीको मुहान, धारा, कुवा, सार्वजनिक भवन अनि स्कुलको बाटोको छेउ छाउमा व्यापक मात्रामा वृक्ष रोपण गरेको संघका अध्यक्ष सुकबिर थापाले जानकारी गराउनु भएको छ ।यसका साथै यस कार्यमा सहभागी जनाउनु हुने सम्पूर्ण महानुभावहरुप्रति आभार प्रकट गर्नु भएको छ ।

****** ० ******

**बागडोग्रा चितुवाको मृत्यु**

बागडोग्राको भुट्टाबारी क्षेत्रको राष्ट्रिय राजमार्ग ३१ मा सवारी साधनको ठक्करबाट चितुवाको मृत्यु भएको जानकारी प्राप्त भएको छ ।स्रोतका अनुसार बागडोग्राको एउटा चिया बगानबाट अर्को चिया बगानमा जाने क्रममा राष्ट्रिय राजमार्गमा ठूलो वाहनले चितुवालाई ठक्कर दिएको थियो । बागडोगरा रेन्ज रेन्जर सोनम भुटियाले हिजो राति गाडीको ठक्करबाट चितुवा घाइते भएपछि मृत्यु भएको बताउनु भएको छ । आज चितुवाको शव पोष्टमार्टमका लागि पठाइएको र हाल बागडोगरा वन विभागले घटनाको सम्पूर्ण छानविन गरिरहेको उहाले बताउनु भएको छ ।

****** ० ******

**हावड़ा गाजा**

हावडा जिल्लाको कोना एक्सप्रेसवेमा रहेको बबलाटोलास्थित जगछा पुलिस चौकीको नाका चेकिङको क्रममा ठूलो परिमाणमा गाँजा बरामद भएको छ । हावडाका पुलिस कमिश्नर प्रवीण त्रिपाठीले आज बिहान जारी गरेको विज्ञप्तिमा यो जानकारी दिइएको हो । आइतबार राति 8 बजेर 30 मिनटमा (रजिष्ट्रेसन WB 06 डी 4747 ) नम्बर रहेको स्कोडा कारमा छापामारी गर्ने क्रममा कारबाट २०–२० केजी गाँजा भरिएका दुईवटा नायलन झोला बरामद गरिएको बताईएको छ । गाँजासहित दुई जना पक्राउ परेका छन् । उनीहरुको पहिचान उत्तर २४ परगना जिल्लाको गोघाटा निवासी 29 वर्षीय सरोजित प्रामानिक र मालदा जिल्लाको गाजोल थाना क्षेत्रका 26 वर्षीय उत्पल मजुमदार (२६) रहेको छ। दुवैले पश्चिम मेदिनीपुरको गडबेटाबाट गाँजा संकलन गरी डायमण्ड हार्बरमा बेच्न लैजान लागेको प्रारम्भिक अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

****** ० ******

**मौसम**

मौसम विभागले कोलकाता महानगर सहित राज्यभारी लगातार रूपमा हल्का वर्षा जारी रहने बताएको छ ⁄मौसम विभागले जारी गरेको विज्ञप्तिमा आगामी २४ घण्टामा कोलकाताको आकाशमा सामान्य रहने र केही स्थानमा मेघ गर्जनसहित वर्षाको सम्भावना रहेको जनाइएको छ । कोलकातामा अधिकतम तापक्रम ३२ डिग्री सेल्सियस र न्यूनतम तापक्रम २७ डिग्री सेल्सियस रहने सम्भावना छ। पछिल्लो २४ घण्टामा अधिकतम तापक्रम ३१ दशमलव ९ डिग्री र न्यूनतम तापक्रम २६ दशमलव ५ डिग्री सेल्सियस रहेको छ । हुग्ली जिल्लामा आकाशमा बादल छाउने र हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। हावडामा बादलसहित हल्का वर्षाको सम्भावना छ। साथै आगामी २४ घण्टामा पूर्व र पश्चिम मेदिनीपुरए पुरुलियाए बांकुरा जंगल महल लगायत दक्षिण बङ्गालका अधिकांश स्थानमा वर्षाको सम्भावना रहेको छ । उत्तर बङ्गालको अलीपुरद्वारए कुचबिहार, जलपाईगुडी, दार्जिलिङ र कालिम्पोङमा यो साता लगातार वर्षा जारी रहने मौसम विभागले जनाएको छ ।

****** ० ******